२०७७/१२/०२ गतेको आर्थिक अभियान

# नेशनल हाईड्रो पावर कम्पनी लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

## २४औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०७७/१२/०३

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७७/११/२३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको २४औं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७७ साल चैत्र २७ गते शुक्रबार (अप्रिल ९, २०२१)

समय : बिहान ११:०० बजे।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं

**छलफलका विषयहरु**

क. साधारण प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. आ.व. २०७७/०७८ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

ख. विशेष प्रस्ताव :

१. लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.ले आयोजना निर्माण गर्न लिएको ऋणमा कर्पोरेट ग्यारेन्टी दिने सम्बन्धमा मिति २०७७/११/०२ मा संचालक समितिको बैठकले गरेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

२. यस नेशनल हाइड्रो पावर कम्पनी लि.मा अन्य हाइड्रो कम्पनीलाई Merger तथा Acquisition मा लिने सम्बन्धी आवश्यक निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

३. कम्पनीको नियमाबलीको नियम १८ को उपनियम (६) लाई संधोधन गर्ने सम्बन्धमा।

ग. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू

१. २४औं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/१२/१३ देखि २०७७/१२/२७ गतेसम्म यस कम्पनीको शेयरको दर्ता किताब बन्द रहने छ। र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७ चैत्र १२ गतेसम्म कारोबार भई मिति २०७७ चैत्र १८ गतेसम्म यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापप्टल लि., नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरूले मात्र यस सभामा भाग लिनका लागि योग्य हुनेछन्।

२. सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो हितग्राही खाता नं. (BOID) र आफ्नो परिचय खुल्ने फोटो सहितको प्रमाण साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध छ। अन्यथा सभाकक्षमा प्रवेश गर्न पाउनु हुने छैन।

३. लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिबेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राखि वा कम्पनीको वेबसाईट (www.nhpcl.com) प्राप्त गर्न सकिने ब्यहोरा अनुरोध छ।

४. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि सभा सम्पन्न नहुँदासम्म खुल्ला रहने छ। विश्वव्यापी रुपमा फैलिएको कारोना भाईरस (COVID-19) संक्रमणबाट बच्न तथा बचाउनको लागि आवश्यक पर्ने मास्क, पञ्जा लगायतको न्यूनतम सुरक्षाको उपकरणहरू प्रयोग गर्न सम्पूर्ण शेयरधनीहरूलाई अनुरोध छ। सभा स्थलमा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरूलाई स्यानिटाईजरको ब्यवस्था गरी ज्वरो नापिनेछ र तोकिएको तापक्रम भित्र पर्ने शेयरधनीहरूलाई मात्र सभा स्थलमा प्रबेश गर्न दिइने छ। आफ्नो स्वास्थ्य अवस्था वा अन्य कुनै कारण सभा स्थलमा उपस्थित हुन असमर्थ शेयरधनीहरूले तोकिए बमोजिम प्रतिनिधिपत्र (प्रोक्सी) उपलब्ध गराई दिनु हुन अनुरोध छ।

५. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनी कानून बमोजिम तोकेको ढाँचाका प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै कार्यालयको समय भित्रमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधि पत्रको ढाँचा कम्पनीको वेबसाइटमा (www.nhpcl.com) मा राखिएको छ। कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन।

६. शेयरधनीहरूले एक भन्दा बढि ब्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाउनु हुने छैन। यसरी दिईएको प्रोक्सी बदर हुनेछ। तर, पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फारम) बदर गरी पछि दिएको प्रतिनिधिपत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्रसाथ प्रतिनिधिपत्र (प्रोक्सी फारम) दर्ता गर्न ल्याएमा भने पछिल्लो प्रतिनिधिपत्र (प्रोक्सी फारम) लाई मान्यता दिईनेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रोक्सी स्वतः बदर हुनेछ।

७. इमेल, स्क्यान, फोटो वा अन्य विद्युतीय माध्यमबाट पठाएको प्रतिनिधिपत्र (प्रोक्सी) लाई पनि मान्यता दिइनेछ।

८. एक भन्दा बढि ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्बसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित सास्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।

९. नाबालक वा अशक्त/बिक्षिप्त शेयरधनीहरूको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा सारक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ।

१०. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको वेबसाइट (www.nhpcl.com) वा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

**नोट:** मिति २०७७/१२/२ गते आर्थिक अभियान दैनिकमा प्रकाशित यस कम्पनीको २४औं वार्षिक साधारणसभा सम्बन्धी सूचनामा वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरूको बुँदा नं. १ मा संशोधन गरी प्रकाशित गरिएको छ।